# पनौती नगरपालिका कार्यालय
## Panauti Municipality Office
पनौती, काभ्रेपलाञ्चोक (Panauti, Kavrepalanchok)


प.सं.:
च.नं.: ०७३।७४
६७१

पनौती नगरपालिका कार्यालय २०५४ काभ्रेपलाञ्चोक, बागमती

मितिः ०७३।०५।२७

बिषय : बार्षिक समिक्षा गोष्ठिको प्रतिवेदन पठाइएको सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा स्थानीय निकाय विकास मन्त्रालय
न.पा. ब्यवस्थापन शाखा (क), सिंहदरवार, काठमाण्डौं ।

प्रस्तुत बिषयमा यस नगरपालिकाको मिति ०७३।०५।१७ मा सम्पन्न भएको आ.व. ०७२/७३ को बार्षिक प्रगति समिक्षा गोष्ठिको निचोड एवं उक्त निचोडका सम्बन्धमा नगरपालिका बोर्डको मिति ०७३।०५।२६ को निर्णय समेत आवश्यक जानकारी एवं कार्यवाहीका लागि यसै साथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध गरिन्छ ।

२०७३।५।२६
श्यामकुमार खड्का
कार्यकारी अधिकृत


Phone: 011-440138, 011-440136 Fax No.: 011-440137
Website: www.panautimun.gov.np e-mail: info@panautimun.gov.np

मिति : २०७५।०५।२६ गते आईतवार

स्थान : पनौती न.पा. कार्यालय

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार प्राप्त अख्तियारी बमोजिम आज मिति २०७३।०५।२६ गते आईतवारका दिन पनौती नगरपालिका बोर्डको अधिकार प्रयोग गरि निम्न निर्णय गरियो ।

**उपस्थिति**

श्री श्यामकुमार खड्का — कार्यकारी अधिकृत

**आमन्त्रित**

श्री प्रेमकुमार सोनाम — सिभिल इञ्जिनीयर

श्री इन्द्रप्रसाद अधिकारी — प्रशासकीय अधिकृत

श्री कृष्णप्रसाद सैजु — लेखा अधिकृत

नगरपालिका कार्यालयको आयोजनामा मिति ०७३ भाद्र १७ गतेका दिन सम्पन्न पनौती नगरपालिकाको गत आ.व. ०७२/७३ को बार्षिक प्रगती समिक्षा गर्न आयोजित एक दिवशीय गोष्ठीमा ब्यक्त भावना विचार र प्रतिक्रियाको निचोडका सन्दर्भमा आवश्यक छलफल गरि सो सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल :

- नगरपालिकाको समग्र विकास प्रसायमा दलहरूको भूमिका स्वभाविक रूपमै महत्वपूर्ण हुने हुँदा सोही बमोजिम सहभागी हुने वातावरण बनाइएकोमा उप्रान्त समेत तद् अनुरूपनै गर्ने ।
- नगद सहभागीताको अंशले कतिपय कमजोर आर्थिक अवस्था रहेका समुदायमा जाने बजेट प्रभावित रहेको देखिँदा तत् सम्बन्धमा नगरपरिषद्मा समेत आवश्यक छलफल गरि सम्बन्धित निकायमा पहलकद्मी गर्ने ।
- कतिपय क्षेत्रगत उद्देश्य हासिल गर्न गुरू योजना मैजूद रहेकोमा सोही बमोजिम कार्य हुदै गरेको कतिपय योजना बनाउने प्रकृयामा रहेकोमा शीघ्र तर्जूमा प्रकृया प्रारम्भ गर्ने ।
- वसपार्क ब्यवस्थित गर्न आवश्यक बैकल्पिक क्षेत्र पहिचान गरि जग्गा विकास योजनासंग तालमेल मिलाईनु उपयुक्त हुने हुँदा चालु बर्ष त्यस तर्फ केन्द्रित रहन नगरविकास समिति लगायतका संस्थासंग सहकार्य गर्ने ।
- ट्रिपर संचालनका लागि अत्यावश्यक देखिइ गत विगत बर्षमा प्रारम्भ भई प्रथम चरणको निर्माण सम्पन्न भएको बैकल्पिक सडकलाई पुर्ण गराउने तर्फ जिल्ला विकास समिति लगायत नीजि क्षेत्रसंग सहकार्य गर्ने ।
- आगामी समीक्षा गोष्ठीलाई बढि फलदायी बनाउन समग्र गतिविधि, अवसर, चुनौती लगायत त्यस बर्ष आइपरेका बिध्न बाधा समस्याहरू प्रष्ट हुने गरी प्रतिवेदनको ढाँचा तयार गर्ने ।

पनौती नगरपालिका कार्यालय
२०५४
काभ्रेपलाञ्चोक, बागमती

श्यामकुमार खड्का
कार्यकारी अधिकृत